REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40hrs 03.07.2026

1.पश्चिम बङ्गाल परमिट

पश्चिम बङ्गाल सरकारले सिक्किममा दर्ता भएका ट्याक्सीहरूका लागि ६,००० काउन्टर-सिग्नेचर परमिट स्वीकृत गरेको छ । यस निर्णयसँगै पहिले रहिआएको ३,००० को कोटा अब दोब्बर भएको छ ।

यसै सिलसिलामा हिजो कोलकातास्थित नवान्न सचिवालयमा सिक्किमका मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ र पश्चिम बङ्गालका मुख्यमन्त्री श्री शुभेन्दु अधिकारीबीच एक महत्त्वपूर्ण भेटवार्ता सम्पन्न भयो । बैठकमा दुवै राज्यको विकास र आपसी हितका विविध विषयहरूमा विस्तृत छलफल गरियो ।

यस भेटवार्ताको मुख्य उपलब्धिका रूपमा दुई राज्यबीचको यातायात सम्झौता अन्तर्गत लामो समयदेखि थाती रहेको परमिट कोटा बढाउने मागलाई पश्चिम बङ्गालका मुख्यमन्त्री श्री अधिकारीले सकारात्मक रूपमा स्वीकार गर्दै ३,००० बाट बढाएर ६,००० पुऱ्याउने स्वीकृति दिनुभयो ।

2.सिक्किम सरकारका वाणिज्य तथा उद्योग मन्त्री श्री टीटी भोटिया

सिक्किम सरकारका वाणिज्य तथा उद्योग मन्त्री श्री टीटी भोटियाले आज नयाँ दिल्लीको वाणिज्य भवनमा आयोजित 'पुनर्गठित बोर्ड अफ ट्रेड' (BoT) को पाँचौँ बैठकमा सिक्किमको प्रतिनिधित्व गर्नुभयो। केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री श्री पियुष गोयलको अध्यक्षतामा सम्पन्न यस बैठकमा देशका विभिन्न राज्यका मन्त्रीहरू र उच्च अधिकारीहरूले 'विकसित भारत @२०४७' को लक्ष्य हासिल गर्न निर्यात बढाउने रणनीतिहरूबारे छलफल गरे ।

बैठकलाई सम्बोधन गर्दै मन्त्री श्री भोटियाले सिक्किमलाई देशकै पहिलो पूर्ण जैविक (अर्गानिक) राज्यका रूपमा प्रस्तुत गर्दै फर्मास्युटिकल्स, अर्गानिक कृषि, जिएआई-ट्याग प्राप्त उत्पादन, जडीबुटी र दिगो पर्यटनका क्षेत्रमा राज्यको ठूलो सम्भावना रहेको बताउनुभयो। उहाँले माननीय मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ (गोले) को नेतृत्वमा राज्यमा निर्यात प्रवर्द्धन केन्द्र स्थापना, एमएसएमई (MSME) क्षमता विकास र 'सिक्किम राइज' (Sikkim RISE) जस्ता नवप्रवर्तनकारी योजनाहरू सुरु गरिएको जानकारी दिनुभयो ।

मन्त्री श्री भोटियाले सिक्किम भूपरिवेष्ठित राज्य भएकाले यहाँका निर्यातकहरूको सहजताका लागि एयर कार्गो कनेक्टिभिटी, कोल्ड-चेन पूर्वाधार र गुणस्तर परीक्षण केन्द्रहरूका लागि केन्द्र सरकारसँग निरन्तर सहयोगको अपिल गर्नुभयो।

## 3.भुटानमा सम्पन्न '१६ औँ दक्षिण एसियाली

भुटानमा सम्पन्न '१६ औँ दक्षिण एसियाली बडीबिल्डिङ तथा फिजिक्स स्पोर्ट्स च्याम्पियनसिप २०२६' मा भारतको प्रतिनिधित्व गर्दै सिक्किमकी सुश्री अर्पना गुरुङले ऐतिहासिक सफलता हासिल गरेकी छन् । पाक्योङ्ग  सूचना एवं जनसम्पर्क विभाग (IPRD) मा कार्यरत अर्पना गुरुङ (SIA) ले प्रतियोगितामा एक स्वर्ण र एक रजत पदक जित्न सफल भएकी हुन् ।

उहाँले महिला मोडल फिजिक्स (Women’s Model Physique over 155cm) विधामा *स्वर्ण पदक* र महिला स्विमसूट फिजिक्स मोडल (Women’s Swimsuit Physique Model) विधामा *रजत पदक* प्राप्त गरी देश र राज्यको नाम विश्वस्तरमा प्रसिद्ध बनाएकी छन् । उनको यस गौरवमय उपलब्धिप्रति उनलाई  सबैतिरबाट बधाई तथा शुभकामना प्राप्त भइरहेको छ ।

## 4.पन्जाबको जालन्धरमा सम्पन्न ५ औँ राष्ट्रिय अन्डर-१५

पन्जाबको जालन्धरमा सम्पन्न ५ औँ राष्ट्रिय अन्डर-१५ सब-जुनियर बक्सिङ प्रतियोगितामा कांस्य पदक जित्न सफल सोरेङकी युवा बक्सर सुश्री सोनिया सुब्बालाई आज मल्ली चेकपोस्टमा भव्य स्वागत तथा सम्मान गरियो । सोरेङ जिल्ला बक्सिङ संघ र सिक्किम एमेच्योर बक्सिङ संघको संयुक्त तत्वावधानमा यो कार्यक्रम आयोजना गरिएको  हो ।

कार्यक्रममा सोरेङ-चाकुङ क्षेत्रका विधायक श्री आदित्य गोले मुख्य अतिथिका रूपमा उपस्थित भई राज्य सरकार खेलाडीहरूको सपना साकार पार्न हरसम्भव सहयोग गर्न प्रतिबद्ध रहेको जानकारी दिँदै विजेता खेलाडी सोनिया सुब्बा, प्रशिक्षक श्री सुमन लेप्चा, प्रशिक्षार्थी सुश्री अर्पना लेप्चा र पूर्व प्रशिक्षार्थी सुश्री दिपु भगतलाई हार्दिक बधाई तथा शुभकामना दिँदै सम्मान गर्नुभयो ।

## 5.'साइबर ठगी सचेतना कार्यक्रम'

सोरेङका प्रहरी उपरीक्षक (SP) श्री नहकुल प्रधानको अध्यक्षतामा आज सोरेङ ट्याक्सी स्टेन्डमा ट्याक्सी चालक संघका सदस्यहरू, स्थानीय सरोकारवाला र सर्वसाधारणका लागि एक 'साइबर ठगी सचेतना कार्यक्रम' आयोजना गरियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै एसपी श्री प्रधानले अनलाइनमार्फत हुने विभिन्न प्रकारका साइबर ठगीबारे विस्तृत जानकारी दिनुभयो र डिजिटल माध्यमहरू प्रयोग गर्दा सचेत रहन आग्रह गर्नुभयो । उहाँले सिक्किम पुलिसले साइबर अपराध विरुद्ध जनचेतना जगाउन र नागरिकहरूलाई सुरक्षित राख्न जुलाई महिनालाई 'साइबर ठगी सचेतना महिना' घोषणा गरेको जानकारी पनि दिनुभयो ।

## 6.नेपाली साहित्य परिषद्

नेपाली साहित्य परिषद् सिक्किमले आगामी १३ जुलाई २०२६ मा आयोजना हुने २१२ औँ भानु जयन्ती समारोहका अवसरमा प्रदान गरिने विभिन्न प्रतिष्ठित पुरस्कार तथा सम्मानहरूको घोषणा गरेको छ । परिषद्का अध्यक्ष हरि ढुङ्गेलका अनुसार यस वर्षको 'भाषा गौरव सम्मान–२०२६' गेजिङ जिल्लाका टाशी भोटिया (भोटिया भाषा-साहित्य) र पाक्योङ्ग जिल्लाका नीम दोर्जी लेप्चा (लेप्चा भाषा-साहित्य) लाई प्रदान गरिनेछ भने यसअघि नै सोरेङ निवासी सुकराज सुब्बालाई 'भानु पुरस्कार' दिने घोषणा भइसकेको छ । “भाषा हाम्रो सभ्यता : भेषभूषा हाम्रो संस्कृति” भन्ने मूल नाराका साथ गान्तोकमा दुई चरणमा आयोजना हुने उक्त समारोहमा विभिन्न क्षेत्रमा निरन्तर योगदान पुऱ्याउने व्यक्तित्वहरूलाई 'सेवाश्री सम्मान' बाट पनि विभूषित गरिनेछ, जसमा भाषातर्फ कमल काफ्ले र एस. एम. बस्नेत, साहित्यतर्फ जयदीप

सुब्बा, सङ्गीततर्फ जीवन शर्मा र राकेश कार्की ढोली, नाट्य क्षेत्रबाट पुरणदीप शर्मा र रेवती लेप्चा, पत्रकारितातर्फ धिरज बान्तावा र कविता शर्मा, चित्रकारितामा बी.के. सुब्बा तथा नृत्य विधाबाट अनु प्रधान रहनुभएको छ।

7.मङ्गन जिल्ला सीप समिति

मङ्गन जिल्ला सीप समिति (DSC) को एक महत्त्वपूर्ण बैठक आज महकुमा अधिकारी (SDM) श्री सन्दीप कुमारको अध्यक्षतामा मङ्गनस्थित जिल्ला प्रशासनिक केन्द्रको सभाकक्षमा सम्पन्न भयो । सरकारी आईटीआई (ITI) मङ्गनद्वारा आयोजित यस बैठकमा सीप विकास विभागका प्रधान निर्देशक विशाल राई, संयुक्त सचिव सुष्मा प्रधान र उपसचिव निखिल शेर्पाले विभागका विभिन्न रोजगारमुखी योजनाहरू जस्तै 'सिक्किम इन्स्पायर्स' (Sikkim INSPIRES) र 'मुख्यमन्त्री एलिभेट' (CM ELEVATE) बारे विस्तृत विवरण प्रस्तुत गर्नुभएको थियो । विभिन्न सरकारी विभाग, वित्तीय संस्था तथा उद्योग क्षेत्रका सरोकारवालाहरूको उपस्थिति रहेको यस बैठकमा जिल्लाका युवाहरूका लागि सीप विकासका अवसरहरू, उद्योग साझेदारी र वार्षिक जिल्ला सीप विकास योजना तयार गर्ने विषयमा गहन छलफल गरिएको थियो।